# जिल्ला समन्वय समितिको कार्यालय


# कलैया,बारा

मधेश प्रदेश,नेपाल

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को उपदफा (३) र (४) बमोजिम

प्रकाशित चौथो त्रैमासिक विवरण

२०८२ बैशाख देखि २०८२ असार मसान्तसम्म





२०८२ श्रावण २९ गते

## स्वत प्रकाशन(Proactive Disclosure)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानूनी व्यवस्था छ । यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षक तोकिएका छन् । सूचनाको हकसम्बन्धी कानूनको मूल ध्येय नै नागरिकले सूचना माग नगरे पनि आफ्नो निकायको पारदर्शिता, जवाफदेहिता र विश्वसनीयताको लागि नियमित रुपमा विवरण प्रकाशित गर्ने क्रममा जिल्ला समन्वय समितिको कार्यालय बाराद्वारा आ.व.२०८१।८२ को चौथो त्रैमासिक (२०८२ बैशाख, जेठ र असार) महिनामा सम्पादित मुख्य मुख्य कामको मुख्य मुख्य विवरण प्रस्तुत गरिएको छ ।

जिल्ला समन्वय समिति
बारा ।

जिल्ला समन्वय समितिको कार्यालय
कलैया, बारा
मधेश प्रदेश, नेपाल

# विषयसूचि :


१. जि.स.स को स्वरुप र प्रकृति

२. जि.स.स को काम, कर्तव्य र अधिकार

३. जि.स.स मा रहने पदाधिकारी तथा कर्मचारीको विवरण

४. जि.स.स बाट प्रदान गरिने सेवा

५. जि.स.स शाखा र जिम्मेवार अधिकारी

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर

७. निर्णय गर्ने प्रकृया र अधिकार

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

९. सम्पादन गरेको मुख्य मुख्य कामको विवरण

१०.सूचना अधिकारी र प्रमुखको नाम र पद

११.ऐन, नियम, निर्देशिका, कार्यविधिको सूची

१२.वित्तीय प्रगति विवरण

१३.तोकिए बमोजिमका अन्य विवरण

१४.जि.स.स को वेवसाइट

१५. यस अवधिमा माग भएको सूचना र उपलव्ध गराइएको सूचना संख्या ।


जिल्ला समन्वय समितिको कार्यालय
कलैया, बारा
मधेश प्रदेश, नेपाल

# जिल्ला समन्वय समितिको कार्यालय, बारा

सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित विवरण

आ.व. २०८१।८२ को चौथो त्रैमासिक (२०८२ बैशाख, जेठ र असार)

## १. जि.स.स.को स्वरुप र प्रकृति

जिल्ला समन्वय समितिको कार्यालय निर्वाचित जनप्रतिनिधिहरुले नेतृत्व गर्ने कार्यालय हो । नेपालको संविधानको धारा २२०(१) मा भएको व्यवस्था बमोजिम जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरुबीच समन्वय गर्न जिल्ला सभाको गठन भएको हो । जिल्ला सभामा एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तिमा एक जना दलित वा अल्पसङ्ख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्ने छ । जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ भन्ने व्यवस्था रहेको छ । बारा जिल्ला समन्वय समितिमा प्रमुख, उपप्रमुख र ७ जना सदस्य गरी जम्मा ९ जना पदाधिकारी रहनु भएको छ । बारा जिल्ला समन्वय समितिको बैठक प्रत्येक महिनाको पहिलो साता नियमित रुपमा बस्ने गरेको छ भने आवश्यकता अनुसार अन्य बैठक समेत बस्ने गरेको छ । केन्द्र सरकारबाट प्राप्त निर्देशन र जिल्ला समन्वय समितिले गर्ने निर्णयहरुको कार्यान्वयन तथा दैनिक प्रशासन सञ्चालनको लागि जिल्ला समन्वय अधिकारी (रा.प.द्धितीय श्रेणी) को नेतृत्वमा निजामती स्थायी तथा करार सेवा तर्फका कर्मचारीहरु कार्यरत छन् । नेपालको संविधानका साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ ले जिल्ला समन्वय समितिले गर्ने कार्य निर्दिष्ट गरेको छ ।

## २. जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार :-

### क) नेपालको संविधानको धारा २२० अनुसारका कार्यहरु

- जिल्ला भित्रका गाँउपालिका र नगरपालिकाबीच समन्वय गर्ने
- विकास तथा निर्माण सम्बन्धि कार्यमा सन्तुलन कायम गर्न र सोको अनुगमन कार्य गर्ने
- जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने
- प्रदेश कानून बमोजिम अन्य कार्य गर्ने

ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमका कार्यहरु

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ मा जिल्ला सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने उल्लेख छ :-

जिल्ला समन्वय समितिको कार्यालय
कलैया, बारा
मधेश प्रदेश, नेपाल

२०८२।०४।२९

- जिल्ला भित्रका गाँउपालिका वा नगरपालिकाबीचको विकास निर्माणका विषय पहिचान गर्ने तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,
- जिल्ला भित्रका सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धि कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषयक्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,
- जिल्ला भित्रका गाँउपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश वा संघ संग समन्वय गर्ने,
- जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाँउपालिका तथा नगरपालिकाबीच समन्वय गर्ने,
- जिल्ला भित्रका गाँउपालिका वा नगरपालिकाबीच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,
- जिल्ला भित्रका प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धि योजना र कार्यको समन्वय गर्ने,
- जिल्ला भित्रका विकास निर्माण सम्बन्धि कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धि कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तहसम्बन्धि विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाँयपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने,
- आफ्नो काम कारवाही सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धि विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुईमहिना भित्र प्रतिवेदन दिने,
- जिल्ला भित्रका विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तिमा एक पटक वार्षिक समिक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसदसदस्यहरुलाई आमन्त्रण गरी सुझाव लिने,

ग) मधेश प्रदेश कानून र नियमावली बमोजिमका कार्यहरु

संविधानको धारा २२० को उपधारा (७) तथा अन्य प्रचलित प्रदेश कानूनमा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

- जिल्ला भित्रका सङ्घीय वा प्रदेश सरकारी कार्यालय र स्थानीय तह बीच समन्वय गर्ने,
- जिल्लाभित्रका स्थानीय तहमा विकास निर्माण सम्बन्धी कार्यको अनुगमन गर्ने,
- जिल्लाभित्रका स्थानीय तहको क्षमता विकासको लागि प्रदेश तथा संघसँग समन्वय गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने
- जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र राहत वितरण लगायतका कार्यमा समन्वय र सहजिकरण गर्ने,
- जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी संघ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

जिल्ला समन्वय समितिको कार्यालय, बारा
कलैया, मधेश प्रदेश, नेपाल

- जिल्ला भित्रको बिकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी बिकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि प्रदेश सरकार तथा आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहलाई समेत सुझाव दिने,

- जिल्लाभित्र राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघसंस्थाबाट संचालन भइरहेका योजना र कार्यक्रमको प्रभावकारिता उपयुक्तता तथा सन्तुलित किसिमले भए नभएको सम्बन्धमा अनुगमन गरी दोहोरो नहुने गरी उपयुक्त स्थानमा पठाउन सम्बन्धित स्थानीय तहसंग आवश्यक समन्वय र सहजीकरण गर्ने

- जिल्लाभित्रका एकभन्दा बढी स्थानीय तह प्रभावित हुने आयोजना तथा परियोजनाका प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय प्रभाव मुल्याङ्कन गर्न समन्वय गर्ने ।

- जिल्लाको समग्र विकासका लागि सरोकारवालासँग छलफल र समन्वय गर्ने ।

- जिल्लाभित्र सञ्चालित सङ्घीय तथा प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनको सम्बन्धमा संघीय तथा प्रदेश सरकारसँग समन्वय, सहजीकरण र सहयोग गर्ने

- जिल्लास्तरीय अन्तर स्थानीय तह खेलकुद प्रतियोगिता, कला, शैक्षिक प्रदर्शनी, कृषि प्रदर्शनीको आयोजना गर्ने,
- जिल्ला सूचना तथा अभिलेख केन्द्रको स्थापना तया संचालन गर्ने

- जिल्लाभित्रका स्थानीय तहले तर्जुमा गरेका कानूनको अभिलेखिकरण गर्ने

- जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वार्षिक समीक्षा आयोजना गर्ने,

- नेपाल सरकारले अवलम्बन गरेको नीति अनुरुप स्थानीय तहले बालमैत्री लैंङ्गिक मैत्री, अपाङ मैत्री, वातावरणमैत्री, सरसफाई, खोप, साक्षरता अभियान तथा भवन आचार संहिता सम्बन्धी क्रियाकलाप सञ्चालन गरे नगरेको अनुगमन गरी प्रतिवेदन संघीय सरकार तथा प्रदेश सरकार समक्ष पेश गर्ने,

- स्थानीय तहबाट सम्पादित विकास निर्माणको गुणस्तरीयताको अध्ययन / परिक्षण गरी सो को प्रतिवेदन संघीय तथा प्रदेश सरकार समक्ष पेश गर्ने,

- उत्कृष्ट स्थानीय तहलाई पुरस्कृत गर्नको लागि प्रदेश सरकार समक्ष सिफारिश गर्ने,

- नदिजन्य पदार्थ उत्खननको क्रममा तोकिएको मापदण्ड विपरित उत्खनन एवं विक्रि गरेको सम्बन्धमा अनुगमन गरी प्रदेश सरकार समक्ष सिफारिश गर्ने,

जिल्ला समन्वय समितिको कार्यालय, बारा, नेपाल

२४

- जिल्ला समन्वय समितिको कार्यालय परिसर अगाडि रहेको जीर्ण सटरहरुलाई भत्काई नयाँ व्यापारिक भवन निर्माण, पुरानो अधुरो भवन, कार्यालय भवन मर्मत तथा रङ्गरोगन, जलनिकासको व्यवस्थापन आदिको कार्यहरुको लागि बोलपत्र आह्वान गरी सम्झौता भई कार्यहरु भईरहेको ।

३. जिल्ला समन्वय समितका पदाधिकारीहरु तथा कर्मचारीहरुको विवरण

क) जिल्ला समन्वय समितिका पदाधिकारीज्यूहरुको विवरण

| सि.नं. | पदाधिकारीको नाम | पद/श्रेणी |
|---|---|---|
| १ | श्री नरेन्द्र कुमार साह | प्रमुख |
| २ | श्री चण्डिका उप्रेती | उपप्रमुख |
| ३ | श्री चन्देश्वर प्रसाद | सदस्य |
| ४ | श्री श्यामबाबु प्रसाद यादव | सदस्य |
| ५ | श्री प्रदीप केशरी | सदस्य |
| ६ | श्री प्रभा देवी | सदस्य |
| ७ | श्री सुमित्रा देवी | सदस्य |
| ८ | श्री नेसा खातुन | सदस्य |
| ९ | श्री उमा देवी चमार | सदस्य |

ख) जिल्ला समन्वय समितिमा हाल कार्यरत स्थायी निजामती कर्मचारीहरुको विवरणः-

| सि.नं. | कर्मचारीको नाम | पद/श्रेणी |
|---|---|---|
| १ | श्री अनुप ढकाल | जिल्ला समन्वय अधिकारी/रा.प.द्वि. |
| १ | श्री आमोद चौधरी | शा.अ./रा.प.तृ |
| २ | श्री रोसन साह | ईन्जिनियर/रा.प.तृ |
| ३ | श्री अविनाश सिंह | ना.सु./रा.प.अनं.प्रथम |
| ४ | श्री निलम कुमारी यादव | सब-ईन्जिनियर/रा.प.अनं.प्रथम |
| ५ | श्री अब्दुलहक अंसारी | लेखापाल/ रा.प.अनं.प्रथम |
| ६ | श्री अमित कुमार चौधरी | खरिदार/ रा.प.अनं.द्वि |

ग) जिल्ला समन्वय समितिमा हाल रिक्त रहेको पदको विवरण

१) उपसचिव/रा.प.द्वि अप्राविधिक – १(एक) (२०८२/०४/२१ गतेदेखि रिक्त)

२) हलुका सवारी चालक श्रेणी विहिन – १(एक)

जिल्ला समन्वय समितिमा हाल करारमा कार्यरत कर्मचारीहरुको विवरण,

जिल्ला समन्वय समितिको कार्यालय, बारा
कलैया, मधेश प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| २ | श्री रामदेव सहनी | हलुका सवारी चालक | जि.स.स. प्रमुख |
| ३ | श्री बिनोद यादव | कार्यालय सहयोगी | सबै शाखा |
| ४ | श्री राजदेव प्रसाद | कार्यालय सहयोगी | सबै शाखा |
| ५ | श्री हरिनारायण साह तेली | कार्यालय सहयोगी | सबै शाखा (पाले) |

४. जिल्ला समन्वय समितिबाट प्रदान गरिने सेवाहरु:

- नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन साथै संघीय तथा प्रदेश कानून बमोजिमका सबै सेवाहरु,
- नागरिक बडापत्रमा उल्लिखित सबै सेवाहरु,
- संघीय,प्रादेशिक र जिल्ला भित्रका स्थानीय तहहरुबीच समन्वय,सहकार्य तथा सहजिकरण गर्नुपर्ने सम्पूर्ण कार्य सेवा ।

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

| सि.नं. | शाखाको नाम | जिम्मेवार अधिकारी | |
|---|---|---|---|
| १ | व्यवस्थापन शाखा<br>(क) प्रशासन शाखा<br>(ख) आर्थिक प्रशासन शाखा<br>(ग) सूचना प्रविधि शाखा र जिन्सी व्यवस्थापन शाखा | शा.अ. श्री आमोद चौधरी<br>ना.सु. अविनाश सिंह<br>लेखापाल अब्दुलहक अंसारी<br><br>खरिदार अमित कुमार चौधरी<br>सवारी चालक रामदेव सहनी<br>कार्यालय सहयोगी विनोद यादव<br>कार्यालय सहयोगी हरिनारायण साह तेली<br>कार्यलय सहयोगी राजदेव प्रसाद | |
| २ | अनुगमन तथा मुल्याङ्कन शाखा | ईन्जिनियर रोसन साह<br>सब-ईन्जिनियर निलम कुमारी यादव | |

६. सेवा प्रदान गर्न लाग्ने दस्तुर

- जिल्ला समन्वय समितिले प्रदान गर्ने सेवा सशुल्क र निशुल्क रुपमा प्रदान हुने ।

७. निर्णय गर्ने प्रकृया

- शाखासँग सम्वन्धित कामहरुको निर्णय शाखा प्रमुखबाट हुने ।
- शाखा प्रमुखबाट हुन नसकेका निर्णय र कार्यालय प्रमुखबाटै निर्णय हुने भनी तोकिएका विषयमा कार्यालय प्रमुखबाट हुने ।
- नीतिगत विषयका निर्णयहरु जिल्ला समन्वय समितिबाट हुने ।

जिल्ला समन्वय समितिको कार्यालय बारा
कलैया, नेपाल
मधेश प्रदेश,

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- कार्यालयको दैनिक कामकाज सम्बन्धमा भएको निर्णय सम्बन्धी उजुरी – जिल्ला समन्वय अधिकारी
- जिल्ला समन्वय अधिकारीको निर्णय सम्बन्धी उजुरी – जि.स.स. प्रमुख

९. सम्पादन गरेका मुख्य मुख्य कामको विवरण

यस कार्यालयका विभिन्न शाखा/फाँटहरुबाट आ.व.२०८१/८२ को चौथो त्रैमासिक (२०८२ वैशाख – असारसम्म) अवधिमा सम्पादित मुख्य मुख्य कार्यहरु:

- बारा जिल्ला अन्तर्गत नदीजन्य पदार्थ उत्खनन् संकलन र बिक्री वितरणका लागि ठेक्का बन्दोवस्त भएका खोलाहरु तथा क्रशरहरुको अनुगमन ।
- कलैया उपमहानगरपालिका वडा नं.२४ अन्तर्गत रहेका मिनाक्षी एग्रीगेट क्रशर उद्योग विरुद्ध स्थानीयहरुले दिएको उजुरीको सन्दर्भमा स्थलगत अनुगमन निरीक्षण तथा नापजाँच गरी प्रतिवेदन तयार गरी कार्यान्वयनको लागि कलैया उपमहानगरपालिकालाई पठाइएको ।
- बारा जिल्ला अन्तर्गत रहेका कलैया उपमहानगरपालिका, कोल्हबी नगरपालिका, प्रसौनी गाउँपालिका, देवताल गाउँपालिका, करैयामाई गाउँपालिकामा सञ्चालित योजनाहरुको अनुगमन र प्रतिवेदन ।
- १६ वटै स्थानीय तहहरुद्वारा सञ्चालित महिला, बालबालिका, जेष्ठ नागरिक लगायतका सामाजिक विकास कार्यक्रमको अनुगमन तथा प्रतिवेदन ।
- आठौ जिल्ला सभा र बहुक्षेत्रीय पोषण सम्बन्धी समिक्षा कार्यक्रम सम्पन्न।
- जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने, विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने, जिल्लामा रहेका संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने जस्ता संवैधानिक तथा कानूनी कार्य सम्पादन ।
- जिल्ला समन्वय समितिको मौज्दात कोष र स्थानीय तहबीचको लागत साझेदारीमा स्थानीय तहमा सञ्चालित योजनाहरुको स्थलगत अनुगमन तथा निरीक्षण गरी पृष्ठपोषण प्रदान गरिएको ।
- जिल्ला स्थित जितपुरसिमरा उपमहानगरपालिका, निजगढ नगरपालिका तथा कोल्हबी नगरपालिका अन्तर्गत ठेक्का सम्झौता भएका खोलाहरुको स्थलगत अनुगमन गरी नदीजन्य पदार्थ उत्खनन् संकलन तथा बिक्री वितरण कार्यलाई व्यवस्थित गर्न विवध सुझावसहित पृष्ठ पोषण प्रदान गरिएको ।
- उद्योग, पर्टन तथा वाणिज्य मन्त्रालय, मधेश प्रदेशले अनुरोध गरे बमोजिम बरा जिल्ला Tourism Master Plan तयार गर्न यस जिल्लामा खटिएको टोलीलाई आवश्यक परामर्श प्रदान गरिएको ।
- जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा रहेको जिल्ला भित्रका नदीजन्य पदार्थ व्यवस्थापन लगायत समग्र अनुगमन गर्ने जिम्मेवारी पाएको जिल्ला अनुगमन समितिको ८ वटा बैठक बसी गरी प्राकृतिक स्रोत साधनको व्यवस्थापन, सेवा व्यवस्थापन तथा विकास व्यवस्थापन सम्बन्धमा विभिन्न निर्णय गरी कार्यान्वयनको अवस्था समेत मूल्याङ्कन गरिएको ।
- आ.व.२०८१/८२ मा जिल्ला समन्वय समिति बाराको ३६ वटा बैठक बसी महत्वपूर्ण निर्णयहरु गरी सोको प्रभावकारी कार्यान्वयन गरिएको ।
- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) र स्थानीय तह वितीय सुशासन जोखिम मूल्याङ्कन (FRA) कार्यक्रम अन्तर्गत निर्धारित सूचकका आधारमा सम्पूर्ण स्थानीय तहहरुको मूल्याङ्कन कार्य

जिल्ला समन्वय समितिको कार्यालय, बारा
कलैया, मधेश प्रदेश, नेपाल

सम्पन्न गरी अनुरोध भई आएका स्थानीय तहहरुमा LISA,FRA LED सम्बन्धी अभिमुखिकरण गरी पृष्ठपोषण समेत प्रदान गरिएको । साथै आ.व.२०८१/८२ को मूल्याङ्कनको नतिजा समेत सार्वजनिक गरिएको ।

१०. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद

- कार्यालय प्रमुख :
  नामः-आमोद चौधरी
  पदः- नि.जिल्ला समन्वय अधिकारी
  शाखाः- प्रशासन
  मो.नं.९८५५०४८०५८
  ईमेल आईडीः- amod.chaudhary43@gmail.com
- सूचना अधिकारी :
  नामः- अमित कुमार चौधरी
  पदः- खरिदार
  शाखाः- सूचना प्रविधि र जिन्सी
  मो.नं.९८५५०४८१६९
  ईमेल आईडीः- kumarchaudharyamit6@gmail.com

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन,२०७४
- सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली, २०६४
- जिल्लास्तरीय अनुगमन तथा समन्वय सम्बन्धी कार्यविधि,२०८१
- जिल्ला समन्वय समितिको घरजग्गा, व्यापारिक भवन, कोठा तथा सटर बहालमा लगाउने सम्बन्धी कार्यविधि,२०८२
- वातावरण संरक्षण ऐन, २०७६ र नियमावली, २०७६
- वातावरण संरक्षण ऐन, २०७७
- स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सेवा सुविधा ऐन,२०७७
- स्थानीय सेवा ऐन (तथा सञ्चालन गठन), २०८१
- स्थानीय तह कर्मचारी कार्यसम्पादन मूल्यांकन सम्बन्धि मापदण्ड
- स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन कार्यविधि (व्यवस्थापन तथा सञ्चालन), २०८२
- योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४
- मृगौला प्रत्यारोपन गरेका, डाइलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि,२०७८
- बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९
- ढुङ्गा, गिट्टी बालुवा उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७
- सुशासन (व्यवस्थापन तथा सञ्चालन ) ऐन,२०६४

जिल्ला समन्वय समितिको कार्यालय कलैया, बारा

- सूचनाको हक सम्बन्धी ऐन, २०६४
- बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- निजामती सेवा ऐन, २०४९
- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६

१२. वित्तिय विवरण

आ.व.२०८१/८२ को चौथो त्रैमासिक अवधिको वित्तीय प्रगति विवरण

| बर्गीकरण | वार्षिक बजेट | चौथो त्रैमासिक खर्च | वित्तीय प्रगति(प्रतिशत) | आ.व.२०८१/८२ | |
|---|---|---|---|---|---|
| | | | | खर्च | वित्तीय प्रगति प्रतिशत |
| सशर्त चालु अनुदान | १८७८४५५३.०० | ४०७७९४२.१८ | २१.७१ | १८६७९५३६.७७ | ९९.४४ |
| पोषण कार्यक्रम | १००००००.०० | ९९०००.०० | ९९ | ९९०००.०० | ९९.०० |
| कर्मचारी कल्याण कोष | ०.१९ मात्र रहेको । | | | | |

१३. तोकिए बमोजिमका अन्य विवरण

- संघीय सरकार र प्रदेश सरकार मन्त्रालय र विभागबाट प्राप्त परिपत्र र निर्देशन बमोजिमका कार्यहरु गर्ने गरेको ।
- जिल्ला विपद व्यवस्थापन समिति, लघु उद्यम विकास समिति, जिल्ला खानेपानी सरसफाई तथा स्वच्छता समिति, जिल्ला वन पैदावर आपूर्ति समिति लगायत तोकिए बमोजिम जि.स.स. को प्रतिनिधित्व गर्ने गरेको ।

१४. जिल्ला समन्वय समिति कलैया, बाराको वेभसाईट-
www.dccbara.gov.np

१८. जिल्ला समन्वय समितिमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विवरणः- २ वटा

जिल्ला समन्वय समितिको कार्यालय कलैया, बारा मधेश प्रदेश, नेपाल

२०८२/०४/२३